आज मिति २०६४ साल फाल्गुन ३ गतेका दिन भेरी नगरपालिका का नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्यू. को अध्यक्षतामा दोस्रो नगर परिषद् तयारीका लागि तपशिलको उपस्थितिमा बैठक बसी निम्ननिर्णय गरियो।

## उपस्थिति

| | | |
|---|---|---|
| १) | श्री [redacted] चन्द्र प्रकाश घर्ती | नगर प्रमुख |
| २) | श्री भावना भण्डारी | नगर उप प्रमुख |
| ३) | श्री विमला वलोत | १ नं. वडा अध्यक्ष |
| ४) | श्री कालि बहादुर वली | २ नं वडा अध्यक्ष |
| ५) | श्री लिला बहादुर शाह | ३ नं वडा अध्यक्ष |
| ६) | श्री रत्न जंग शाह | ४ नं वडा अध्यक्ष |
| ७) | श्री श्यामलाल जैसी | ५ नं वडा अध्यक्ष |
| ८) | श्री धर्मराम बुढा | ६ नं वडा अध्यक्ष |
| ९) | श्री चन्द्र बहादुर शाही | ७ नं वडा अध्यक्ष |
| १०) | श्री कर्ण बहादुर कार्की | ८ नं वडा अध्यक्ष |
| ११) | श्री ध्रुव प्रसाद पौडेल | ९ नं वडा अध्यक्ष |
| १२) | श्री टंकेन्द्र बहादुर राना | १० नं वडा अध्यक्ष |
| १३) | श्री निम बहादुर भण्डारी | ११ नं वडा अध्यक्ष |
| १४) | श्री लक्ष्मी प्रसाद जैसी | १२ नं वडा अध्यक्ष |
| १५) | श्री गोपालबस्याल | १३ नं वडा अध्यक्ष |
| १६) | श्री पार्वती वि.क. | नगर कार्यपालिका सदस्य |
| १७) | श्री मनकला नेपाली | — ॥ — |
| १८) | श्री विनु शाही | — ॥ — |
| १९) | श्री सुर्जना वि.क. | — ॥ — |
| २०) | श्री विर बहादुर वि.क. | — ॥ — |
| २१) | श्री भद्रकला डाँगी | — ॥ — |
| २२) | श्री रति वि.क. | — ॥ — |
| २३) | श्री मिना ~~वि.क.~~ पुन | — ॥ — × |
| २४) | श्री राम प्रसाद शर्मा | सचिव |
| २५) | श्री दल बहादुर घर्ती | कार्यक्रम अधिकृत |
| २६) | श्री नवराज शर्मा | इन्जिनियर |
| २७) | श्री केदार बहादुर कार्की | लेखापाल |
| २८) | श्री गोपाल महतरा | का.स. |
| २९) | श्री रुद्र बहादुर शाही | का.स. |

**निर्णय नं. १:** विधायन समितिका अध्यक्ष श्री चन्द्र बहादुर शाही मार्फत नगर कार्यपालिकामा पेश हुन आएका तपशिलमा उल्लेखित विधेयकहरु दफावार छलफल गरी पारीत गर्न नगरसभामा पेश गर्ने ।

तपशिल

क) भेरी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

ख) भेरी नगरपालिका स्थानीय स्वास्थ्य तथा सरसफाइ ऐन, २०७४

ग) भेरी नगरपालिका शिक्षा ऐन, २०७४

घ) भेरी नगरपालिका कृषि व्यबशाय प्रवर्द्धन ऐन, २०७४

ङ) भेरी नगरपालिका सहकारी ऐन, २०७४

च) भेरी नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्वन्धी) ऐन, २०७४

**निर्णय नं. २:** गत पहिलो नगरसभाबाट निर्धारण गरिएका विभिन्न शुल्क, दस्तुर र करका बिषयहरुमा निम्नानुसार पुनरावलोकन गरियोस भनि आएको प्रस्ताव संशोधनका लागि नगरसभामा पेश गर्ने।

तपशिलः

**भेरी नगरपालिका कार्यालयबाट प्रदान गरिने सेवाहरुको संशोधित कर, दस्तुर तथा शुल्क**

| क.सं. | कर शिर्षक | साविकमा निर्धारण गरिएको करको दर | हालको संशोधित करको दर | कैफियत |
|---|---|---|---|---|
| १. | चार किल्ला प्रमाणित | | | |
| | क. बजार क्षेत्र | १०००/- | ५००/- | |
| | ख. ग्रामीण क्षेत्र | ७५०/- | ३००/- | |
| २. | कानुन व्यवसायी | | | |
| | क. अधिवक्ता | ७५००/- | ५०००/- | |
| | ख. अभिवक्ता | ५०००/- | ३०००/- | |
| | ग. नोटरी पब्लिक सहित कानुन व्यवसाय | १००००/- | ६०००/- | |
| ३. | सुन चाँदी व्यवसाय | | | |
| | क. २० लाख भन्दा माथि | ४००००/- | २५०००/- | |
| | ख. २० लाख सम्म | ३००००/- | १८०००/- | |
| | ग. १० लाखसम्म | २००००/- | ८०००/- | |
| | घ. ५ लाख सम्म | १००००/- | ५०००/- | |
| ४. | रुख काट्ने सिफारिस | २०००/- | साविकमा प्रति रुख रहेकोमा हाल प्रति सिफारिस कायम गरिएको | |
| ५. | रुखको हाँगा काट्ने सिफारिस | ५००/- | साविकमा प्रति हाँगा रहेकोमा हाल प्रति सिफारिस कायम गरिएको | |
| ६. | निर्माण व्यवसायी सम्बन्धी 'घ' वर्गको इजाजत नयाँ दर्ता | ५००००/- | | |
| ७ | निर्माण व्यवसायी सम्बन्धी 'घ' वर्गको इजाजत दा. खा. नामसारी | २५०००/- | | |
| ८ | निर्माण व्यवसायी सम्बन्धी 'घ' वर्गको इजाजत दा. खा. नामसारी एकाघरका परिवार सदस्यभित्र | ५०००/- | | |

| ६. | नक्शा पास दस्तुर बजार क्षेत्र बाहिर (अन्य क्षेत्र) | | | |
|---|---|---|---|---|
| . | क. आर सि सि ढलान भुई तला | प्रति व.फि. ३/- | प्रति व.फि. २।५० | |
| | ख. पहिलो तला | प्रति व.फि.४/- | प्रति व.फि. ३।५० | |
| | ग. दोश्रो तला वा सो भन्दा माथि | प्रति व.फि.५/- | प्रति व.फि. ४।५० | |
| | | | | |

**निर्णय नं. ३:** एकिकृत सम्पत्ती कर असुलीका सम्वन्धमा गत आ.व.मा नगर क्षेत्र भित्रका मुल सडक किनारा देखि ५० मिटर दायाँ बायाँ मुल्यांकन क्षेत्र कायम गरी कर असुली गर्ने मापदण्ड निर्धारण गरिएकोमा उक्त मापदण्ड अनुसार करको दर बढी पर्न गएको भनी नगरवासिहरुबाट व्यापक गुनासो आएकोले सो सम्वन्धमा उक्त माथि उल्लेखित ५० मिटर दुरीलाई १५ मिटर कायम गर्ने र सोही बमोजिम सम्पत्ती मुल्यांकन गरी कर असुली गर्ने र १५ मिटर दुरी बाहिरका जग्गाको प्रकृति अनुसार आवासिय, व्यापारीक र कृषि क्षेत्रको मापदण्ड अनुसार एकिकृत सम्पत्ती करको दर कायम गर्ने ।

**निर्णय नं. ४:** स्थानीय शासन सञ्चालन ऐन २०७४ को दफा ४५ को अधिनमा रहि यस नगरपालिकाको विषेश गरी बजार क्षेत्रभित्र रहेका विभिन्न सडकहरुको मापदण्ड कायम गर्न आवश्यक छलफलका साथ निर्णयार्थ नगरसभामा पेश गर्ने ।

तपशिल

| क.स. | सडकको नाम | कायमगरिएको मापदण्ड (सडकको क्षेत्राधिकार) | भुगोल क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | जनक पुस्कलायको पानिट्याङकी देखि सिर्जना टोल हुँदै काजीवारा सिमलगैरी हुँदै ठाँटी सम्मको बाटो | ३–४ मिटर सम्म | भे.न.पा. ४( बजार क्षेत्र) | आवासिय मार्ग |
| २ | जिल्ला प्रशासन जाने मुल रोडको शसि बुढाको घर देखि काजीवारा हुँदै केशव जंग शाहको घर सम्मको बाटो | ३–४ मिटर सम्म | भे.न.पा. ४( बजार क्षेत्र) | आवासिय मार्ग |
| ३ | गैरीखालीको रामबहादुर श्रेष्टको घर देखि पुरानो कर्मचारी मिलन केन्द्रको गेट हुँदै वसपार्क जाने बाटो | ३–४ मिटर सम्म | भे.न.पा. ४( बजार क्षेत्र) | आवासिय मार्ग |
| ४ | गैरीखाली देखि वि.पी. वाटीका सम्मको बाटो | ४–५ मिटर सम्म | भे.न.पा. ४( बजार क्षेत्र) | आवासिय मार्ग |
| ५ | गैरीखाली शत्रुधन भण्डेलको घरदेखि गैरीखाली सालघारी हुँदै वसपार्क जाने बाटो | २–३ मिटर सम्म | भे.न.पा. ४( बजार क्षेत्र) | आवासिय मार्ग |
| ६ | कारागार नजिक जुम्ला जाने रोड देखि | २–३ मिटर सम्म | भे.न.पा. ४( | आवासिय मार्ग |

| | | | | |
|---|---|---|---|---|
| ७ | राममन्दिर देखि भेलाले जोड्ने बाटो | ३–५ मिटर सम्म | भे.न.पा. ४(बजार क्षेत्र) | आवासियमार्ग |
| ८ | राममन्दिर देखि काजीवारा टेक बहादुर के.सी. को घरसम्म–जोड्ने बाटो | २–३ मिटर सम्म | भे.न.पा. ४(बजार क्षेत्र) | आवासिय मार्ग |
| ९ | ठाँटी देखि पिपलडाँडा हुँदै जिल्ला प्रशासन जाने बाटो | ४–५ मिटर सम्म | भे.न.पा. ३(बजार क्षेत्र) | आवासिय मार्ग |
| १० | मित्र गणेशको घर देखि भैरव सुन्दरको घर हुँदै जिल्ला प्रशासन जाने बाटो | २–३ मिटर सम्म | भे.न.पा. ३(बजार क्षेत्र) | आवासिय मार्ग |
| ११ | चक्र व. शाहको घर देखि सिर्जना टोल जाने बाटो | २–३ मिटर सम्म | भे.न.पा. ३(बजार क्षेत्र) | आवासिय मार्ग |
| १२ | ठाँटी देखि जिल्ला अदालत हुँदै कभर्ड हल तल्लो थाप्ले बसपार्क सम्म बाटो | ३–४ मिटर सम्म | भे.न.पा. ३(बजार क्षेत्र) | आवासिय मार्ग |
| १३ | गोल्डेन वोर्डिङ स्कुल देखि भिम व. सिंहको घर सम्मको बाटो | २–३ मिटर सम्म | भे.न.पा. ३(बजार क्षेत्र) | आवासिय मार्ग |
| १४ | थाप्लेचौर वसपार्क देखि कभर्ड हलहुँदै ठाँटी सम्मको बाटो | ४–६ मिटर सम्म | भे.न.पा. ३(बजार क्षेत्र) | आवासिय मार्ग |
| १५ | तेज विक्रम शाहको घर देखि हेरम्व शाहको घर हुँदै केशव जंग शाहको घर हुँदै जाजरकोट एफ.एम. सम्मको बाटो | ३–४ मिटर सम्म | भे.न.पा. ३(बजार क्षेत्र) | आवासिय मार्ग |
| १६ | छिन्चु जाजरकोट डोल्पा सडक | १५ मिटर (सेट ब्याक बाहेक) | भे.न.पा. १० हुँदै भे.न.पा. ११, १२, १३, ४, ३, १ | ५ मि. को दुरीमाविश्व बैंक बाट मुआब्जा लिइ सोहि दुरीको मापदण्ड अनुसार घर जग्गाबसोबास गरिसकेकोले |
| १७ | खलंगा पाँचकाटिया सडक | १५ मिटर(सेट ब्याक सहित) | | |
| १८ | खलंगा शान्तिचौतार बसपार्क –कृष्ण मल्लको घर हुँदै सिटिजन बैंक–तल्लो थाप्ले बसपार्क हुदै स्याला कालेगाउं सम्मको सडक | ११ मिटर(तीन मिटर सेटप्याक सहित) | | |
| १९ | गैरीखाली –राम मन्दिर–बाग्लुंग –ठाँटी चोक सम्मको सडक | ७ मिटर (सेट ब्याक सहित) | | |
| २० | माथिउल्लेखित बाटोहरु बाहेक नगर सडकका अन्यसडकहरु | ६ मिटर | भे.न.पा.क्षेत्रको सवै वडाहरुमा | |
| २१ | पिपलडाँडा गणेश मन्दिर जाने बाटोदेखि देउनबारा हुदै राधाकृष्ण मन्दिर देखि ठाँटी जाने बाटो सम्म | २–३ मिटर | | |
| २२. | शशि बुढाको घरदेखि सिर्जना टोल हुदै मनोज शाहको घर सम्म | २–३ मिटर | | |

नोट :

- माथि उल्लेखित क.स. १ देखि १५ र क.स.२१ र २२ सम्मका आवासिय मार्गहरुमा सेटव्याक दुरी लागु हुने छैन ।
- माथि उल्लेखित सबै आवासिय मार्ग तथा सडक नमिचि यस नगरसभा हुनु पुर्व निर्माण सम्मन्न भएका भवनहरुलाइ घरधनी स्वयम जिम्मेवारी हुनेगरी अभिलेखिकरण गर्न सकिनेछ ।
- नयाँ निर्माण हुने भवनहरुले नगरपालिकाको मापदण्ड अनुसार नक्सा पास प्रकृयामा गइ भवन निर्माण गर्नुपर्नेछ ।
- माथि सेट व्याक नखुलाईएका सडकहरुको हकमा सेट व्याक दुरी दायाँ–वायाँ क्रमश: १.५ मिटर दुरी कायम रहनेछ ।